जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४० अंक २५ २०७८ साल माघ २ गते आइतवार (16 Jan. 2022 Sunday) मूल्य रु. ७/-

विवाहलगायत अन्य भोजभतेरमा फजुल खर्च नगरौं, सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : संचारकर्मीहरुको अवस्था ... पृष्ठ ३ मा : मधुमेह भए पनि दीर्घ ... पृष्ठ ४ मा : सिंगापुर, स्वीजरल्याण्ड र ... पृष्ठ ५ मा : राजविराज र तिलाठी ...

# आजदेखी प्रशासन कार्यालयबाट टोकन प्रणालीमा काम हुने


**राजविराज**/जिल्ला प्रशासन कार्यालय सप्तरीले आईतबारदेखी टोकन प्रणालीमार्फत सेवा दिने निर्णय गरेको छ ।

अहिले मुलुकभरि कोभिड १९ को संक्रमण बढ्दै जाँदा टोकन प्रणाली लागु गर्ने निर्णय गरेको जनाइएको छ ।

कोभिड १९ संक्रमणकै बेला नयाँ नागरिकता र प्रतिलिपि नागरिकता लिनेहरुको अत्याधिक चाप बढेपछि टोकन प्रणाली लागु गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चुडाराज भट्टराईले बताए ।

संक्रमण फैलिनबाट रोक्न तथा स्वास्थ्य सर्तकतासहितको सेवा प्रवाहलाई व्यवस्थित गर्ने प्रयोजनले टोकन प्रणाली लागु गरिएको उनले जानकारी दिए । एक दिनमा बढीमा ३ वटा स्थानीय तहका सेवाग्राहीलाई सेवा दिइने भट्टराईले बताए ।

जसअनुसार आइतबार शम्भुनाथ र सुरुङ्गा नगरपालिका, सोमबार रुपनी गाउँपालिका, खडक नगरपालिका र तिरहुत गाउँपालिका, मंगलबार हनुमाननगर कंकालिनी डाक्नेश्वरी नगरपालिका र महदेवा गाउँपालिका, बुधबार तिलाठी कोइलाडी, छिन्नमस्ता र अग्निसाइर कृष्णासवरण गाउँपालिका, बिहीबार राजविराज नगरपालिका र राजगढ गाउँपालिका तथा शुक्रबार विष्णुपुर गाउँपालिकाका जनताहरुको कामकाज हुने जनाइएको छ ।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी

प.सं.: २०७८/०७९ (प्रशा.)
च.नं.

फोन : ०३१-५२०८२२, ०३१-५२०१७४
फ्याक्स : ०३१-५२०१२४

मिति: २०७८।०९।२९

श्री नगरपालिकाहरु/गाउँपालिकाहरु
(सप्तरी जिल्लाका सबै १८ वटा)

विषय: मिति २०७८।१०।०२ गतेबाट प्रवाहित हुने सेवा सम्बन्धी सूचना ।

कोभिड-१९ संक्रमणको नयाँ भेरिएन्टको उच्च जोखिम रहेको हालको अवस्थामा यस कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरूको अत्यधिक भिडभाड लाई व्यवस्थापन गर्न र संक्रमण फैलिने जोखिमलाई न्यून गर्न यस कार्यालय द्वारा प्रवाहित गरिने सेवाहरु मध्ये नयाँ नागरिकता र प्रतिलिपि नागरिकता सम्बन्धी काम मिति २०७८।१०।०२ गते आइतबार देखी तपशिलमा उल्लेखित तालिका बमोजिम सेवा प्रवाह गरिने हुँदा आ-आफ्नो पालिकाको निर्धारित दिनमा मात्र सेवाग्राहीलाई पठाउने व्यवस्था हुन अनुरोध छ ।

तपशिल

| क्र.स. | स्थानीय तह | सेवा प्रवाह गरिने दिन |
|---|---|---|
| १ | शम्भुनाथ नगरपालिका<br>सुरुङ्गा नगरपालिका | आईतबार |
| २ | रुपनी गाउँपालिका<br>खड्क नगरपालिका<br>तिरहुत गाउँपालिका | सोमबार |
| ३ | हनुमाननगर कंकालिनी नगरपालिका<br>डाक्नेश्वरी नगरपालिका<br>महदेवा गाउँपालिका | मंगलबार |
| ४ | तिलाठी कोइलाडी गाउँपालिका<br>छिन्नमस्ता गाउँपालिका<br>अग्नीसाईर कृष्णासवरण गाउँपालिका | बुधबार |
| ५ | राजबिराज नगरपालिका<br>राजगढ गाउँपालिका | बिहीबार |
| ६ | बिष्णुपुर गाउँपालिका | शुक्रबार |

पुनश्च: यस कार्यालयमा सेवा लिन आउनुहुने सेवाग्राहीहरुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने लगायतका Health Protocal को पालना गर्नुहुन सबैमा अनुरोध छ ।

बोधार्थ :-
श्री जिल्ला समन्वय समितिको कार्यालय, सप्तरी राजबिराज ।

सहायक प्रमुख जिल्ला अधिकारी

# ट्याक्टर नहरमा खस्दा चालकको ज्यान गयो



**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा शुक्रबार ट्याक्टर अनियन्त्रित भई नहरमा खस्दा चालकको ज्यान गएको छ ।

सो नगरपालिका वडा नं ६ बस्ने २२ वर्षिय धिरज सदाले चलाएको ट्याक्टर दुर्घटनामा परि उनको ज्यान गएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेलका अनुसार ट्याक्टर चालक खाना खान गएको बेला पारेर सोही ट्याक्टरमा लेबरको काम गर्ने सदाले उक्त स.१त. २७६ नम्बरको ट्याक्टर चलाउन खोज्दा अनियन्त्रित भएर नहरमा पल्टिदा किचिएर उनको मृत्यु भएको हो ।

साथीहरुलाई माटो लिन जान्छु भन्दै हतार हतारमा लेवर सदाले ट्याक्टर चलाएको केही मिनेटमै नहरमा पल्टिएको थियो ।

शुक्रबार राती भएको घटना बारे खबर पाएपछि खोजतलास सुरु गरेको प्रहरीले शनिबार बिहान नहरमा सदाको मृत शरीर फेला पारेको डिएसपी काफ्लेले जानकारी दिए ।

मृतकको शव शनिबार नै पोष्टमार्टमका लागि स्थानिय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याई घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# आईडियल सहकारी प्रदेश २ मै उत्कृष्ट



**राजविराज**/राजविराजस्थित आईडियल सहकारी संस्था लिमिटेड प्रदेश २ कै उत्कृष्ट सहकारी संस्थाको रुपमा सम्मानित भएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडको १८ औं वार्षिक साधारणसभाको अवसरमा सोमवार आईडियल सम्मानित भएको हो ।

सहकारीको विकास, प्रवर्द्धन र सामाजिक रुपान्तरणमा योगदान पुऱ्याइएवापत संस्थालाई राष्ट्रिय सहकारी बैंक लिमिटेडले सम्मानित गरेको संस्थाका अध्यक्ष गणेश आसले जानकारी दिएका छन् ।

संस्थाका अध्यक्ष आसले एक हजार ४२८ सहकारीहरुमध्ये संस्था प्रदेशमै उत्कृष्ट भएको जनाउँदै ग्राहक र शेयर सदस्यको विश्वास र संस्थाको आचरण, व्यवहारले पनि सम्मानित भएको जनाए ।

यता संस्थाको कार्यालयमा मंगलवार सो बारे सञ्चारकर्मीहरुलाई जानकारी गराउँदै अध्यक्ष आशले व्यापार, रोजगार, कृषि, महिला संशक्तिकरणसहितका क्षेत्रहरुमा संस्थाले प्रतिवद्ध भएर सक्रियतापूर्वक काम गर्दै आएको बताए ।

वि स २०५६ सालमा स्थापना भएर ४२ जना शेयर सदस्यबाट सुरु भएको संस्थाको हालसम्म १७ हजार ६५८ शेयर सदस्य पुगेका छन् भने ४ लाख २० हजार पुँजीबाट सुरु भएको संस्थाको हाल १० करोड १९ लाख शेयर पुँजी संस्थाका व्यवस्थापक विनोदकुमार रजकले जानकारी दिए ।

सदरमुकाम राजविराजमा मुख्य केन्द्र रहेको संस्थाले जिल्लाको हनुमाननगर र पातोमा पनि सेवा केन्द्र मार्फत सेवा दिँदै आएको छ ।

जाडोबाट बच्न निम्न उपायहरु अवलम्बन गरौं ।

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# सर्तक रहनु आवश्यक

कोरोना महामारीका कारण सप्तरीमा पुनः त्रास फैलिन थालेको छ । केही दिनअघि सम्म शुन्य संक्रमित रहेको अवस्थामा अहिले दुई दर्जन संक्रमितको पुष्टि भइसकेको छ । कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन आएपछि पुनः संक्रमित बढ्न थालेको छ । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा संक्रमितको संख्या शुन्यमा रहेकोमा पुनः महामारी बिस्तारै फैलिन थालेपछि सतर्कता अपनाउनु आवश्यक छ ।

केही दिनदेखी माहामारीको आंशिक प्रभाव देखिएपनि अहिले धमाधम संक्रमित बढ्न थालेपछि स्वास्थ्य कार्यालय तथा विभिन्न अस्पतालहरु बिरामीको उपचारका लागि आफ्नो तयारीमा जुटेका छन् ।

तसर्थ अहिले पनि सम्पुर्ण मानिसहरुले यस रोग बिरुद्ध सावधानी अपनाउनुका साथै सरकारले तोकेको मापदण्डलाई अपनाउनु अति आवश्यक छ । यस रोग बिरुद्ध खोप लगाइसकेकाहरुले पनि सावधानी अपनाउनु आवश्यक छ भने पूर्ण रुपले नियन्त्रण नआउनजेलसम्म सबै जनता सतर्क रहनु उत्तिकै जरुरी छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# संचारकर्मीहरुको अवस्था दयनिय नै रहेकोमा चिन्ता व्यक्त

**राजविराज**/प्रदेश २ का अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले मुलुकमा अधिकार प्राप्तिका लागि भएका विभिन्न आन्दोलनमा समेत प्रेस जगतको भूमिका महत्वपूर्ण रहँदा पनि संचारकर्मीहरुको अवस्था दयनिय नै रहेकोमा चिन्ता व्यक्त गरेका छन् ।

नेपाल पत्रकार महासंघ सप्तरीद्वारा सोमबार राजविराजमा आयोजित २८ औं लोकेन्द्र स्मृती दिवसको अवसरमा प्रमुख अतिथिको आसन्नबाट बोल्दै उनले उक्त चिन्ता व्यक्त गरेका हुन् ।

पत्रकारहरुले आर्थिक समस्या झेल्दै आएपनि जनतालाई सूचना सम्प्रेशन गर्ने काममा निरन्तर लागिरहेको बताउँदै उनले प्रेस जगतको समस्या समाधानमा आफू सहयोग गर्न तत्पर रहेको बताए ।

नेपाल पत्रकार महासंघ सप्तरीद्वारा स्थापित पुरस्कारको रकम बृद्धिका लागि पाँच लाख सम्मको अक्षयकोषको स्थापनामा समेत आफूले सहयोग गर्ने प्रतिबद्धता उनले जनाए ।

सोही कार्यक्रममा वातावरण पत्रिकाका सम्पादक बैजनाथ झाद्वारा स्थापित १२ औं वातावरण पत्रकारिता पुरस्कार २०७८ बाट पत्रकार महेन्द्र सदालाई सम्मानित गरिएको थियो ।

पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देवको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश २ आमसंचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, मिडिया काउन्सीलका अध्यक्ष शिवहरि भटराई, पूर्व निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, पत्रकार महासंघका केन्द्रिय सदस्य ललिता साह, प्रेस काउन्सीलका पूर्व सदस्य अनिल कुमार अनल, प्रदेश २ पत्रकार महासंघका सचिव भोला पासवान, महासंघका पूर्व सभापति मुरलीप्रसाद यादव, विष्णु मण्डल, धिरेन्द्र प्रसाद साहलगायतले पनि आ-आफ्नो धारण सहित स्व. पत्रकार बुढाथोकीप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

स्व. पत्रकार बुढाथोकीको जिवनी बारे महासंघका सल्लाहकार मनोहर पोखरेलले प्रकाश पारेका थिए ।

# पक्राउ परेका जनमतका नेता कार्यकर्ता रिहा

**राजविराज**/पक्राउ परेका जनमत पार्टी सप्तरीका ६ जना नेता कार्यकर्ता सोमबार रिहा भएका छन् ।

शान्तिबिरुद्धको कसुरमा पक्राउ परेका जनमत पार्टीका जिल्ला अध्यक्ष चन्देश्वर मण्डल, सचिव थानेश्वर प्रसाद साह, कंचनरुप नगरपालिकाका अध्यक्ष अनिल पञ्जियार, हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ अध्यक्ष सुरेन्द्र मण्डल, नेता योगानन्द साह र महिनारायण साह रिहा भएका हुन् ।

जिल्ला प्रशासन कार्यालयले सोमबार जनही ५/५ सय धरौटी लिई उनीहरुलाई रिहा गरेको जनमत पार्टी सप्तरीका सचिव थानेश्वर प्रसाद साहले जानकारी दिएका छन् ।

पुस १६ गते शुक्रबार किसान आन्दोलनका क्रममा राजमार्ग अवरुद्ध गर्न खोज्दा जिल्लाको भारदह, कंचनपुर लगायतका स्थानबाट उनीहरु पक्राउ परेका थिए । प्रदर्शन कै क्रममा पक्राउ परेका उनीहरुमाथी प्रहरीले सार्वजनिक शान्तिबिरुद्धको कसुर मुद्दामा सप्तरी जिल्ला अदालतबाट सात दिने म्याद थप गराई हिरासतमा राखेको थियो ।

किसानहरुको समस्या समाधान तथा आफ्ना पक्राउ परेका नेता कार्यकर्ताको रिहाईको माग गर्दै जनमत पार्टीले दिनहुँ प्रदर्शन गरिरहेको बेला उनीहरु थुना मुक्त भएपछि सोमबार नै जनमत पार्टीले खुशीयाली मनाउँदै नगर क्षेत्रमा जुलुस निकालेका छन् ।

# चार लाखले कोभिड १९ बिरुद्धको खोप लगाए

**राजविराज**/स्वास्थ्य कार्यालय सप्तरीले जिल्लामा मंगलबारसम्ममा १८ वर्षमाथिका करिब ४ लाखले कोभिड १९ बिरुद्धको खोप लगाएको जानकारी दिएको छ ।

सो कार्यालयका प्रमुख दुनियालाल यादवले पूर्ण खोप १५ प्रतिशतले अझै नलिएको बताउँदै जिल्लामा हालसम्म करिब ६ लाख खोप प्राप्त भएको र खोप दिने काम अझै जारि रहेपनि सर्वसाधारणमा खोपप्रतिको आकर्षण घटेको बताए ।

यस्तै उनले कोभिडको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण फैलिन नदिन सप्तरीमा उच्च सतर्कता अपनाइएको जानकारी समेत दिए ।

मंगलबारसम्ममा सप्तरीका १८ वटै स्थानिय तहका स्वास्थ्य चौकीहरुमा २५ हजार खोप स्टकमा रहेको जानकारी दिदै खोप लिन बाँकी रहेकाहरुलाई खोप लिन सचेत गराइरहेको बताए ।

यता गजेन्द्र नारायण सिंह अस्पतालका निम्ति मेडिकल सुरपरिटेन्डेन्ट डा. रन्जित झाले नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण फैलिन नदिन र उच्च सतर्कता अपनाउन आवश्यक तयारी गरिएको बताएका छन् ।

उनले अस्पताल परिसरमै अक्सिजन प्लान्टको स्थापना गरि उत्पादन सुरु गरिसकेको बताए । उक्त प्लान्टबाट २४ घण्टामा ९० देखी १ सय २५ सिलिण्डरसम्म उत्पादन हुने भएकोले उक्त उत्पादनले कोरोनाका बिरामीका लागि अक्सिजन पर्याप्त हुने उनको दाबी छ । यस बाहेक लिक्विड अक्सिजन ट्याङ्क, भेन्टिलेटर, आइसियु लगायतका पूर्वाधार पनि तयारी अवस्थामा राखिएको उनले बताए ।

# प्रमुख साहद्वारा स्पोष्टक्ति

**राजविराज**/सप्तरीको हनुमानगर कंकालिनी नगरपालिकाका प्रमुख शैलेश साहले जनमत पार्टीद्वारा आफु र आफ्नो पार्टीलाई किसान बिरोधी भनी लगाइएको आरोपको खण्डन गरेका छन् ।

पत्रकारहरुसँग कुराकानी गर्दै प्रमुख साहले किसानहरुको आन्दोलनप्रति आफ्नो कुनै बिरोध नरहेको समेत स्पष्ट पारेका छन् । उनले किसानको समस्याबारे आफु पूर्ण जानकार रहेको बताउँदै यसका लागि नगरपालिकाको श्रोत साधनले भ्याए सम्म सहयोग गरिरेको दाबी समेत गरे ।

गत पुष १० गते शनिबारका दिन जनमत पार्टीले हनुमानगर कंकालिनी नगरपालिका वडा ११ स्थित सामुदायिक भवनमा किसानको मुद्दालाई लिएर भएको कोण सभामा वडा अध्यक्ष मोही यादवलाई लक्षित गरी जनमत पार्टीका नेता कार्यकर्ता गालिगलौजमा उत्रे पछि वडा अध्यक्ष पक्षधरले प्रतिवाद गर्दा कार्यक्रम विथोलिएको नगर प्रमुख साहको भनाई छ ।

उक्त घटनाको विरोधमा जनमत पार्टीले दुई दिन अघि एक प्रेस विज्ञप्ती मार्फत किसानहरुको पक्षमा भईरहेको सभालाई वडा अध्यक्षले भाड्ने काम गरेको. र त्यसमा नगर प्रमुख साहको पनि भुमिका रहेको आरोप लगाएको थियो ।

उक्त आरोपको खण्डन गर्दै नगर प्रमुख साहले आफु र आफ्नो पार्टी किसानको हितका लागी लड्दै आएको दाबीका साथ जनमत पार्टीद्वारा लगाइएको सो आरोपमा कुनै सत्यता नभएको भनी पत्रकारमाझ स्पष्ट पारे ।

# प्रदेश २ सरकारले ६ सय १० विपन्न परिवारलाई आवास बनाउने

**राजविराज**/प्रदेश २ सरकारले प्रदेश भरीका ६ सय १० विपन्न परिवारलाई आवास बनाउने भएको छ ।

प्रदेश २ सरकारको मन्त्री परिषद्को शुक्रबार बसेको बैठकबाट महेन्द्र नारायण निधि विपन्न आवास योजना २०६८ स्वीकृत भएपछि उक्त घर निर्माण गर्ने भएको हो ।

कार्यक्रम अन्तर्गत आठ वटै जिल्लाको प्रत्येक विधान क्षेत्रमा १० परिवारको घर निर्माण गरिने छ । प्रति आवास कुल पाँच लाख रुपैयाँमा प्लाष्टरसहितको छाना भएको दुई कोठा, एक भान्छा घर र एक शौचालय रहने छन् । आवास निर्माणको प्रक्रिया द्रुत गतिमा अगाडि बढाईने छ ।

असहाय र विपन्न एकल महिला, कुनै पनि जात वर्गका आर्थिक रुपले विपन्न व्यक्ति, परिवार, दलित, लोपोन्मुख, सिमान्तकृत जाती, अनाथ बालबालिका, अशक्त वृद्धवृद्धालाई प्राथमिकताको आधारमा आवासको व्यवस्था गरिने प्रदेश २ सरकारका प्रवक्ता एवं अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले जानकारी दिएका छन् ।

# सहिद परिवारलाई तीन लाख, घाइतेलाई २५ देखी तीन लाखसम्म दिइने

**राजविराज**/प्रदेश २ का अर्थमन्त्री एवं सरकारका प्रवक्ता शैलेन्द्र प्रसाद साहले यस पटकको बलिदानी दिवस सप्तरी सदरमुकाम राजविराजमा मनाउने निर्णय भएको जानकारी दिएका छन् ।

नेपाल पत्रकार महासंघ सप्तरीद्वारा सोमबार राजविराजमा आयोजित २८ औं लोकेन्द्र स्मृती दिवसको अवसरमा मन्त्री साहले सो जानकारी दिएका हुन् ।

यस पटक प्रदेश सरकारले सप्तरीमा मनाउने बलिदानी दिवसमा मधेश आन्दोलनका क्रममा ५७ सहिद परिवारलाई तीन लाखका दरले आर्थिक सहयोग गरिने उनले जानकारी दिए ।

उनले घाइते भएकाहरुलाई समेत अवस्था र आवश्यकता अनुसार २५ हजारदेखी ३ लाखसम्म आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएको जानकारी दिए ।

# किसानहरुको मागप्रति ऐक्यबद्धता

**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंहले किसान आन्दोलन संघर्ष समितिको माग प्रति ऐक्यबद्धता जनाएका छन् ।

अध्यक्ष सिंहले एक विज्ञप्ति जारि गर्दै ११ सुत्रिय माग राखी आन्दोलनरत तिलाठी कोइलाडी गाउँपालिकाका किसानहरुको उचित मागहरु अबिलम्ब पूरा गर्न संघीय तथा प्रदेश सरकारसँग आग्रह गरेका छन् ।

विज्ञप्ति मार्फत तिलाठी कोइलाडी गाउँपालिकाले गत असारमा सम्पन्न पाँचौं गाउँ सभाबाट किसानको खेतबारीमा रहेको कृषि मिटरको न्युनतम महसुल गाउँपालिकाले तिर्ने र सो को लागि सेवाप्रदायक संस्था खल्तीसँग सम्झौता समेत भईसकेको जानकारी गराइएको छ ।

# मधुमेह भए पनि दीर्घ जीवन जिउन सकिन्छ

आज भन्दा करिब चार वर्ष अगाडिको कुरा हो म आफ्नो विद्यावारिधीका लागि शोधपत्र तयार गर्ने क्रममा दाङ जिल्लाको एउटा गाउँमा बसेर मान्छेहरुको स्वास्थ्य सम्बन्धी बानी व्यवहारबारे अध्ययन गर्दै थिएँ। मेरो चासो मान्छे बिरामी परेपछि उपचार गराउन कहाँ-कहाँ जाँदा रहेछन भन्ने थियो। त्यस गाउँमा १२६ घरधुरी थिए।

अनि हरेक जसो घरमा कोही न कोहीलाई केही न केही स्वास्थ्य समस्या थियो। मधुमेह, उच्च रक्तचाप, थाइराइड, बाथ, दम जस्ता दीर्घरोग भएका व्यक्तिहरुको संख्या पनि उल्लेख्य थियो। मधुमेहको औषधोपचार गराइरहेका व्यक्तिहरु मात्र १३ जना थिए। मधुमेहको निदान हुनु भन्दा पहिले विरामी परे पनि नियमित औषधि सेवन गर्न थाले पछि स्वास्थ्य अवस्था सामान्य लाग्न थालेको धेरैको अनुभव थियो।

**कोही अकालै मर्ने कोही लामो आयु बाँच्ने**

मेरो १४ महिनाको बसाइमा उक्त गाउँमा ६ जनाको मृत्यु भयो। मृत्यु हुनेमा एकजना ६३ बर्षकी महिला थिइन। उनले ३ बर्ष देखि मधुमेहको उपचार गराइरहेकी थिइन। दुब्लाउँदै गएर अशक्त भएपछि घोराही गएर जचाउँदा चिकित्सकले उनलाइ सुगर भएको बताएका थिए। त्यसपछि उनले चिकित्सकले लेखिदिएको औषधि खाँदै आएकी थिइन। उनी प्राय: एउटा निजि क्लिनिकमा रगत जचाउन र औषधि किन्न जाने गर्दथिन अनि सुगर नबढोस भनेर सिस्नुको साग पनि खाने गरेको बताएकी थिइन।

उनको पारिवारिक आर्थिक हैसियत त्यती राम्रो थिएन। परिवार ठूलै थियो। खेतीपातीले खानलाउन पुग्दैनथ्यो। मजदुरी र सिलाइ-कटाईको कामले भरथेग हुन्थ्यो। ऋण गरेर भएपनि उपचार गराउँदै थिइन। अन्तीम पटकको भेटमा उनले, 'रगत जचाउँन जान नपाएको धेरै भयो, औषधि सकिन लागेको छ, खेतीपाती (रोपाई) सकेर जाउँला भनेकी छु। म त साह्रै गलें बाबु, शरीरमा शक्ति छैन, थकाइमात्र लाग्छ, मलाई त यसैले लान्छ कि क्या हो" भनेकी थिइन। उनको श्रीमानले 'सायद प्रेशरले हान्यो कि के भएर हो अचानक मरी सर" भनेका थिए। त्यही गाउँमा एकजना ७८ वर्षका पुरुषले मधुमेहको औषधि खानथालेको १८ वर्ष भएको बताएका थिए।

त्यतीबेला घोराहीमा आजभोली जस्तो औषधि उपचारको सुविधा थिएन, जो जो थिए तिनीहरु सवैलाई देखाइयो, धामी झाँक्रीलाई पनि बोलाइयो, केही गरे पनि सन्चो नलागे पछि एकजना छिमेकीको साथ लागेर लखनउ उपचार गर्न गएपछि बल्ल सुगर भएको पत्ता लागेको" बताएका थिए। रगत जाँचको रिपोर्ट हेर्दै डाक्टरले "इसका कोही इलाज नहीं है" भनेको सुन्दा उनको होस उडेको अनि चिन्तित भएको देखेर डाक्टरले 'चिन्ता मत करो हर रोज दवाइ लोगे और डिस्सप्लिनमे रहोगे तो लम्बी समय तक जियोगे" भनेर सम्झाएको अनुभव सुनाएका थिए। उनको परिवार सम्पन्नै थियो तर उपचार खर्च धान्न नसकेर त्यतीबेला एक बिघाह जग्गा बेच्नु परेको दु:खेसो पोखेका थिए। डाक्टरको सल्लाह अनुसार गत २ वर्ष देखि इन्सुलिनको सुई लाउन थालेका थिए।

"म डाक्टरले भने जस्तो अनुशासनमै बसेको छु, अझै केही बर्ष त बाँच्छु जस्तो लाग्छ" उनले भन्थे। मलाई जानकारी भएसम्म उनीअझै पनि राम्रैसंग बाँचीरहेकै छन एक किसिमले हेर्ने हो भने उनी अकाल मृत्युलाई टार्न सफल भएका छन। मधुमेह भएकाहरुमा अकाल मृत्युको जोखिम बढि नै हुन्छ। तर उनको अनुभवबाट राम्रो औषधि उपचार भयो र विरामी अनुशासनमा बस्यो भने मधुमेह भएपनि लामै आयु बाँचिन्छ भन्ने सिकाइ हुन्छ।



**डा बामदेव सुवेदी**

**मधुमेहको प्रकोप बढ्दो छ**

एउटा सानो गाउँमा १३ जनाले मधुमेहको औषधोपचार गराइरहेको देख्दा मलाई त्यतिबेला असहज लागेको थियो। तर मधुमेहको राष्ट्रिय तथा अर्न्तराष्ट्रिय आँकडा हेर्दा यसलाई सामान्यरुपमा नै लिन सकिन्छ। मधुमेह विश्वमै बढ्दो क्रममा छ। उच्च आय भएका देशहरुको तुलनामा हाम्रो जस्तो निम्न तथा मध्यम आय भएका देशहरुमा यसको प्रकोप तिब्ररुपमा बढिरहेको छ। विश्वस्वास्थ्य संगठनका अनुसार सन १९८० मा ४ दशमलव ७ प्रतिशत बयस्कहरु ९१८ वर्ष र माथिकालाई मधुमेह भएकोमा सन २०१४ मा आइपुग्दा बढेर ८.५ प्रतिशत पुगेको छ।

यो अवधिमा मधुमेह भएका व्यक्तिको सख्या झण्डै चारगुणा बढेको छ। सन १९८० मा १० करोड ८० लाख मधुमेह भएका व्यक्ति थिए भने सन २०१४ मा आइपुग्दा यो संख्या ४२ करोड २० लाखमा पुगेको र यो दशकको अन्त सम्ममा आधा अर्ब नाघ्ने अनुमान गरिएको छ। अन्य नसर्ने रोगहरुबाट हुने अकाल मृत्युदर घट्दै गएता पनि मधुमेहबाट हुने अकाल मृत्युदर घटेको छैन, बरु सन २००० र २०१६ को बीचमा ५ प्रतिशतले बढेको छ। (विश्व स्वास्थ्य संगठन, द ग्लोबल डाइविटिज कम्प्याक्ट, २०२१) गाउँघरमा अझैपनि कतिपयलाई मधुमेह भएको थाहा नै छैन। नेपालमा गरिएको स्टेप्स सर्भेमा लगभग ९० प्रतिशतले आफ्नो रगतमा सुगरको अवस्था के छ भन्नेजाँच गराएका थिएनन मलाई सुगर छ भनेर थाहा पाउनेहरु करिव २ प्रतिशत मात्र थिए। तर नेपालमा लगभग ९ प्रतिशत वयस्कहरुमा टाइप २ प्रकारको मधुमेह होला भन्ने अनुमान गरिएको छ।

**लक्षण, प्रकार र उपचार**

मधुमेह भएका व्यक्तिलाई मुख सुक्खा हुने, बढि तिर्खा लाग्ने, पटक पटक पिसाब लाग्ने, भोक लाग्ने, शरीर दुब्लाउँदै जाने, थकाइ लाग्ने, बारबार घाउ खटिरा आउने, घाउ चोट निको हुन बढी समय लाग्ने, शरीर चिलाउने, आँखा धमिलो देख्ने तथा दृष्टिदोष हुने, हातगोडा झमझमाउने जस्ता लक्षणहरु देखा पर्न सक्दछन। मधुमेहले हृदयघात गराउने, मिर्गौला खराब गर्ने, दृष्टिमा समस्या बढ्ने र अन्धपन ल्याउने, खुट्टामा घाउ आएर अल्सर हुने र बढ्दै जाँदा काटेर फाल्नु पर्ने जस्ता अवस्था (जटिलताहरु) ल्याउन सक्छ। बेलैमा नियन्त्रणमा राख्न सके मधुमेहले मुटु, मिर्गौला, आँखा, स्नायु तथा रक्त नलिहरुमा पुर्‍याउने असर कम गर्न सकिन्छ।

प्यांक्रियाजले पर्याप्त इन्सुलिन उत्पादन नगर्दा वा उत्पादन गरेको इन्सुलिन शरीरले प्रभावकारीरुपमा उपयोग नगर्दा रगतमा ग्लुकोजको मात्रा बढी देखिएको अवस्था मधुमेह हो। इन्सुलिन रगतमा चिनीलाई नियन्त्रण गर्ने हार्मोन हो। चिनीलाई उर्जामा रुपान्तरण गर्न हाम्रो शरीरलाई इन्सुलिन चाहिन्छ। मधुमेहलाई टाइप १, टाइप २ र गर्भावस्थाको मधुमेह भनेर छुट्याउने गरेको पाइन्छ।

टाइप १ मधुमेह प्राय: बालबालिका तथा किशोरकिशोरीहरुमा देखिन्छ र यसको उपचार गर्न इन्सुलिनको आवश्यकता पर्दछ। समयमै इन्सुलिनको उपचार गरिएन भने यस प्रकारको मधुमेह घातक हुनसक्छ। टाइप २ मधुमेह प्राय: वयस्कहरुमा देखिन्छ र यसको उपचारका लागि खाने औषधिको प्रयोग गरिन्छ र कतिपय अवस्थामा इन्सुलिन पनि चाहिन्छ। प्राय:टाइप १ मधुमेह पारिवारिक तथा वंशाणुगत कारणले हुने हुन्छ भने टाइप २ आहारविहार तथा जीवनशैलीका कारणले हुन्छ।

मधुमेह भएका ९० प्रतिशत भन्दा बढीलाई टाइप २ मधुमेहको समस्या छ। टाइप १ र टाइप २ को मधुमेहका लक्षणहरुमा खासै भिन्नता हुदैन तर टाइप २ मा रोग सूरु भएको धेरै बर्षपछि लक्षणहरु देखिन सक्छन। त्यतिबेला सम्ममा यसका जटिलताहरु देखिन थालिसकेको हुन सक्दछन। गर्भावस्थामा इन्सुलिन कम प्रभावकरी हुँदा गर्भावस्थामा हुने मधुमेह हुन्छ। गर्भावस्थामा हुने मधुमेह सामान्यत: बच्चा जन्मिएपछि आफै हराएर जाने हुन्छ।

यद्यपि, यस प्रकारको मधुमेहले गर्भावस्था र सुकेरीको समयमा जटिलताहरुको जोखिम बढाउँछ। गर्भमा रहेको बच्चामा टाइप २ मधुमेह हुने जोखिम पनि बढाउँछ।

**अनुशासित जीवनशैली र परिवारको भूमिका**

मधुमेह नहोस भनेर मात्र होइन मधुमेह भैसकेकाहरुलाई पनि थप जटिलताहरु नहोस भनेर अनुशासित जीवनशैलीमा अपनाउनु आवश्यक छ। यहाँ अनुशासित जीवनशैली भन्नाले खानपान तथा आहारविहारमा सजग र संयमित हुने, स्वस्थ र सन्तुलित खाना खाने, हरिया सागसब्जी, तरकारी तथा फलफुल पर्याप्त खाने, शारीरिकरुपमा सक्रिय रहने, नियमित व्यायाम गर्ने, शरीरको तौल सामान्य राख्ने, गुलियो, नुनिलो, चिल्लो तथा बोंसोयुक्त खानेकुरा कम खाने, मद्यपान तथा धुम्रपानबाट टाढै बस्ने कुराहरु लाई पर्दछन।

अनुशासित जीवनशैली मधुमेह भएकाहरुलाई मात्र होइन नभएकालाई पनि उत्तिकै महत्वपुर्ण छ। धुम्रपान तथा सूर्तिसेवनले मधुमेहका अलावा अर्बुद रोग, हृदयरोग, मृगौला फोक्सो तथा स्वासप्रश्वास सम्बन्धी रोगहरुको जोखिम पनि बढाउँछन।

अहिलेको चुनौती भनेको मधुमेह नभएकालाई हुनसक्ने जोखिमबाट बचाउने र मधुमेह भएकालाई अकाल मृत्युबाट बचाउने हो। मधुमेह भएका व्यक्तिहरुको स्वास्थ्य अवस्था विग्रन नदिन तथा मधुमेहले ल्याउन सक्ने जटिलताहरुबाट बचाउन औषधोपचार, हेरचाह र सहयोग चाहिन्छ। यसकालागि परिवारको भूमिका महत्वपुर्ण रहन्छ। मधुमेह भएकाहरुको स्वास्थ्य स्थिति विग्रन नदिन औषधोपचारको पहुँच बढाउनु आवश्वक छ।

व्यक्ति विरामी परेपछि अस्पताल लिएर जान मात्र होइन अस्पत्तालबाट फर्केपछि पनि विरामीको औषधोपचार, हेरचाह, स्याहारसुसारर खानपानमा ख्याल गर्ने भनेकै परिवारले हो। एक किसिमले हेर्ने हो भने अस्पताल वा चिकित्सकको भूमिका भनेको विरामीको उपचार, हेरचाह तथा स्याहार सुसारमा परिवारको प्रयासलाई थप सहयोग पुर्‍याउने नै हो। त्यसैले हेरचाह र स्याहारसुसारमा परिवारको क्षमता बढाउन सकियो भने यसले अनावश्यक अस्पताल धाइरहने झन्झट कम गर्न र उपचार खर्च कटौतीमा मदत पुर्‍याउन सक्दछ। उदाहरणका लागि ग्लुकोमीटर सुलभ हुन सक्यो र परिवारमा हेरचाह गर्ने कसैमा यसको प्रयोगसम्बन्धी सीप विकास गर्न सकियो भने सुगरको स्तर के छ भनेर घरमै जाँच्न सकिन्छ। सुगर जचाउँनकै लागि अस्पताल धाइराख्नु पर्दैन।

**आवश्यकता उपचारको**

इन्सुलिनको आविस्कार भएको एकसय वर्ष पुग्दैछ, मधुमेहका औषधिहरु छन अनि रगत जाँच्ने ग्लुकोमिटर तथा परीक्षण किटहरुको प्रविधिहरुको विकास भएको छ। अर्कातिर मधुमेह भएकाहरुमा यसको पहुँच छैन। सायद त्यसैले मधुमेहको उपचारमा जोड दिन सन २०२१ देखि २०२३ सम्मका लागि विश्व मधुमेह दिवसको नारा 'मधुमेहको उपचारमा पहुँच : अहिले नभए कहिले ?" भन्ने तय गरिएको छ। नेपालमा मधुमेहको प्रकोप बढ्दो छ तर अनुशासित जीवनशैली र सर्वसुलभ औषधोपचारको व्यवस्थाले यसलाई नियन्त्रण गर्न सकिन्छ। मधुमेहका बारेमा सचेतना, रोकथाम र उपचारमा जोड पुगेको छैन।

गरिब परिवारले मधुमेहको औषधोपचारको खर्च धान्न सक्ने अवस्था छैन। उपचार खर्च धान्न नसकेर जायजेथा बेच्नु पर्ने अवस्था विद्यमान छ। मधुमेहबाट हुने अकाल मृत्युदर कम गर्नका लागि अनुशासित जीवनशैली सम्बन्धी सचेतना बढाउन, घरपरिवारको सदस्यहरुमा मधुमेहका बिरामीको हेरचाह सम्बन्धी ज्ञान सीप क्षमता बढाउन र औषधोपचारलाई सर्वसुलभ बनाउन आवश्यक छ। औषधोपचार सर्वसुलभ हुन सके मात्र मधुमेहबाट हुने अकाल मृत्युको सम्भावनालाई कम गर्न सकिन्छ। यसका लागि कमसेकम हरेक स्थानीय स्वास्थ्य संस्थाहरुमा रगत जाँच्ने व्यवस्था र आवश्यक औषधिको उपलब्धता सुनिश्चित गर्नु आवश्यक छ। (सुवेदीले भारतको जवाहरलाल नेहरु विश्वविद्यालयको सामाजिक चिकित्सा तथा सामुदायिक स्वास्थ्य विभागबाट विद्यावारिधि गरेका छन)। स्वास्थ्य खबरबाट



# सिंगापुर, स्वीजरल्याण्ड र कोरियाबाट सिक्नुपर्ने पाठ



लक्ष्मण पन्त

विकसित मुलुकहरूमा शिक्षाको स्तर उत्कृष्ट छ। स्वास्थ्य सेवा अब्बल दर्जाको छ। सार्वजनिक यातायात सुविधा गजबको छ। कालोबजारी, कमिशनतन्त्र, मिलावट, नातावाद कृपावाद आदि केही छैन। पैसा नभएका कारण कोही पनि शिक्षा र स्वास्थ्य सुविधाबाट बञ्चित हुनु पर्दैन। शिक्षामा राज्यको ठूलो लगानीका कारण सबै नागरिक र तिनका सन्तानले उत्कृष्ट कोटीको शिक्षा र स्वास्थ्यको सुविधा प्राप्त गर्दछन। मेरिटका आधारमा विद्यार्थीहरूले निष्पक्ष रूपमा मेडिकल, इन्जिनियरिङ आदि क्षेत्रमा शिक्षा आर्जन गर्न सक्छन। त्यहाँका सरकारी कार्यालयमा भनसुन, नाताबाद र कृपावाद चल्दैन। तस्करी जस्ता शब्दबाट पनि शायद परिचित छैन पश्चिमा समाज। यातायात सर्वसुलभ, सस्तो र सुरक्षित छ।

यता नेपालमा ठिक उल्टो छ। शिक्षा, स्वास्थ्य सेवा, यातायात सबै मँहगो छ। राज्यले शिक्षालाई निजी क्षेत्रमा सुम्पिएको छ। सोर्सफोर्सका आधारमा मेडिकल कलेज, इन्जिनियरिङ कलेजमा भर्ना लिइन्छ। हाम्रो देश किन बनेन भन्ने प्रश्न उठिरहदा सर्वाधिक चर्चामा आउने नामहरू हुन सिंगापुर, स्वीजरल्याण्ड र कोरिया। नेपालमा पनि ती मुलुकहरूमा जस्तै चकाचौंध विकास होस। चौडा चिल्ला सडक र रेलवे लाइनहरूको सञ्जाल बनोस। बेइजिङ र सांघाईबीचको १३ सय किलोमिटरको दूरी बुलेट ट्रेनबाट ४ घण्टामा पुरा भएजस्तै काँकडभित्ता-काठमाडौं तीन घण्टामा पुगियो। सुर्खेतबाट जुम्ला मोटर हाँकेर दुई घण्टामा पुगियोस। बिहान ७ बजे कन्चनपुरबाट काठमाडौंको लागि छुटेन बुलेट ट्रेनले कर्मचारीलाई १० बजे काठमाडौं पुराओस अनि अफिस छुटेर कर्मचारी ५ बजे कन्चनपुर जाने रेलमा बसेर ८ बजे आफ्नो घरमा पुगोस।

शायद यसरी सपना देख्नुमा नराम्रो केही पनि छैन। सपना देख्नु पर्दछ। तर सिंगापुर वा सांघाईतिरको सपनामा डुब्दै नेपालका नेतालाई सत्तोसराप गरेर ती सपना साकार हुन सक्तैनन्। युरोप, अमेरिकाको लोभलाग्दो विकास र प्रणाली पनि रातारात तयार भएको हैन। त्यहाँका जनताले संघर्ष गरेर ल्याएको प्रणाली हो। ती मुलुकहरू पनि कुनै जमानामा नेपालजस्तै पछौटे र गरीब थिए। पहिले बेलायत र पछि युरोपका अन्य मुलुकहरूबाट गएका आप्रवासीहरूले अमेरिका कडा परिश्रमबाट बनाएका हुन। जापान, कोरिया, सिंगापुरको विकासको स्तर पनि अन्ततः त्यहींका जनताको कडा परिश्रम र संघर्षबाट हासिल भएको हो। नेपालको विकास पनि नेपाली जनताकै पौरख, पसिना र संघर्षबाट मात्र सम्भव छ। नेपाली समाजको एउटा ठूलो हिस्सा विदेशमा सबै उज्यालो देख्ने र स्वदेशमा सबै अँध्यारो देख्ने विकृत मनोविज्ञानको शिकार बन्न पुगेको छ। यो मनोविज्ञानको परिणामले मुलुक बनाउन मुलुकभित्रै बसेर संघर्ष गर्ने, पौरख गर्ने भन्नेतिर होइन, छिटो धनसम्पत्ति कमाउन विदेश हान्निने प्रवृत्तिले प्रश्रय पाएको छ।

मुलुकको विकासको सवाल अन्ततः सम्बन्धित मुलुकको राजनीतिक नेतृत्व कस्तो छ भन्ने प्रश्नसंग जोडिएको हुँदाहुँदै पनि यो सच्चाईलाई इन्कार गर्न सकिन्न कि कुनै पनि मुलुकको विकासमा सम्बन्धित मुलुकको भूगोल र इतिहासको समेत महत्वपूर्ण भूमिका हुन्छ। सिंगापुरकै दृष्टान्त हेरौं। हो, सिंगापुरको समृद्धि र विकासमा ली क्वान युको हात अवश्य थियो। तर उनले शुन्यतामा सिंगापुरमा चमत्कार ल्याएका होइनन्। सिंगापुरसंग तेल, कोइला वा अन्य कुनै प्राकृतिक स्रोत छैन। त्यसका वावजुद कसरी सिंगापुर विकसित भयो त ? यसका पछाडिको मुख्य कारण हो सिंगापुरको लोकेशन। युरोप र एसियालाई जोड्ने सिंगापुर हिन्द महासागर, अरब सागर, भूमध्यसागर, बंगालको खाडी र दक्षिण चीन सागरमा हुने समुद्री यातायातको केन्द्रमा रहेको छ। पूर्वी संसार र पश्चिमी संसारबीचको समुद्री दोभानमा अवस्थित सिंगापुरसंग सांघाईपछि संसारकै दोस्रो बन्दरगाह छ। यो बन्दरगाह विश्वका १२३ मुलुक, ६ महाद्वीप र संसारभरिकै ६ सय अन्य बन्दरगाहहरूसित जोडिएको छ। सिंगापुर संसारको सामुद्रिक पारवहन राजधानी (मरिटाइम क्यापिटल) का रूपमा पनि चिनिन्छ। उन्नीसौं शताब्दी र अझ त्यसभन्दा पनि पहिल्यैदेखि सिंगापुर चीन, भारत र युरोपबीचको मध्यस्थ व्यापारको केन्द्र रहदै आएको छ।

सिंगापुरको समृद्धिको आधार इतिहासदेखि नै तयार भएको थियो भन्ने कुराको अनुमान यसबाट पनि लगाउन सकिन्छ कि आजभन्दा झण्डै पौने दुईसय वर्ष पहिले सन १८६१ मै सिंगापुरको निर्यात व्यापार लगभग २ करोड अमेरिकी डलर रहेको थियो। इंग्ल्याण्डका ठूल्ठूला व्यापारिक घरानाहरूले उन्नीसौं शताब्दीमै सिंगापुरबाट व्यापार गर्दथे। सिंगापुरको प्रगतिको जग त्यतिबेला देखि नै बसेको हो। उल्लेख्य प्राकृतिक सम्पदा नभएपनि मुख्य रुपमा सिंगापुरको भौगोलिक अवस्थिति नै उसको अद्भूत विकासको मुख्य आधार हो। अर्थात भूगोल र इतिहासले सिंगापुरलाई पुरापुर साथ दिएको छ।

अर्कोतिर कोरियाको समृद्धिका पछाडि पनि केही ऐतिहासिक आधार रहेका छन। कोरिया प्रायदीपको दक्षिणी भाग साम्यवादीहरूको पकडमा जान नदिन अमेरिकाले गरेको ठूलो सैन्य र आर्थिक सहयोगबाट नै ५० र ६० को दशकमा दक्षिण कोरियामा आर्थिक समृद्धिको जग बसेको हो। अमेरिकाको निकट सहयोगी जापानले समेत त्यस अवधिमा कोरियालाई उसको व्यापार घाटा कम गर्न ठूलो आर्थिक सहयोग गरेको थियो। साथै भियतनाम युद्धमा अमेरिकालाई दक्षिण कोरियाले ३ लाख सैनिक सहयोग पठाएको थियो। त्यसबाट कोरियाले लगभग दुई अर्ब डलर प्राप्त गरेको थियो। साथै, अमेरिकाले भियतनाम युद्धमा चाहिने युद्धसम्बन्धि सामग्रीको आपूर्तिका सबै ठेक्का पनि कोरियालाई दिएको थियो, जसबाट थप एक अर्ब डलर कोरियाले प्राप्त गरेको थियो। अमेरिकालाई के डर थियो भने यदि दक्षिण कोरिया साम्यवादीहरूको हातमा गयो भने अमेरिकाको अर्को मुख्य सहयोगी जापान पनि उसको हातबाट फुत्किन सक्छ।

सिंगापुर र कोरियाजस्तै स्वीजरल्याण्डको विकास र समृद्धिको पनि आफ्नै कहानी छ। स्वीजरल्याण्डले ऐतिहासिक कालदेखि नै एउटा शान्तिपूर्ण मुलुकका रुपमा आफूलाई उभ्याउँदै आएको छ। युरोपीय मुलुकहरू सत्रौंदेखि बीसौं शताब्दीसम्म परस्पर युद्धमा लिप्त रहंदा स्वीजरल्याण्डले शान्तिप्रिय मुलुकका रुपमा क्रमशः आफ्नो पहिचान बनाएको हो। छिमेकमा फ्रान्स, जर्मनी, अस्ट्रिया र इटालीजस्ता अशान्त र युद्धरत मुलुकहरू थिए। त्यहाँ सत्ताको दमनबाट खेदिएका सत्ता विरोधीहरूलगायत शान्तिको खोजीमा प्रशस्त धनसम्पदासहित आएका आप्रवासीहरूले स्वीजरल्याण्डको विकासको जग बसालेका हुन। प्रकारान्तरमा स्वीजरल्याण्डले आफूलाई एउटा शान्तिप्रिय र तटस्थ मुलुकको रुपमा आफ्नो स्थायी पहिचान बनाउन सफल भएको छ। यही शान्ति र तटस्थताको इतिहासको कारण त्यहाँ विश्वका ठूल्ठूला बैंक र बित्तीय संस्था, रेडक्रस, संयुक्त राष्ट्र संघ जस्ता संस्थाहरूको स्थापना भएको हो।

उपरोक्त मुलुकहरूका अतिरिक्त बेलायत, फ्रान्स, पोर्चुगल, स्पेन, हलेण्ड, जर्मनी आदिको समृद्धिको जग पनि इतिहासमै खोज्न सकिन्छ। जतिबेला यी सबै मुलुकले विश्वका विभिन्न क्षेत्रमा आफ्नो उपनिवेश कायम गरेका थिए। आफ्ना उपनिवेशहरूको आर्थिक शोषणबाट नै ती मुलुकले समृद्धिको जग बसालेका हुन। खाडीका मुलुकहरू तेलबाट समृद्ध बनेका हुन।

तर हाम्रो मुलुकको हकमा भने इतिहासदेखि नै विकासको आधार तयार हुन सकेन। २४० वर्षसम्म मुलुकको शासनसत्ता शाह वंश र राणा वंशहरूको हातमा मात्र केन्द्रीत रह्यो। नेपालमा सन १९५१/५२ मा मात्र ३ करोड ५ लाखको पहिलो बजेट प्रस्तुत गरिएको थियो। बजेटको रकम सन ५४/५५ मा बढेर ५ करोड ९२ लाख पुगेको थियो। यो तथ्याङ्कलाई माथि दिइएको कोरिया र सिंगापुरको तथ्याङ्कसित दाँज्दा प्रष्ट हुन्छ कि इतिहासदेखि नै नेपाल ती मुलुकहरूको तुलनामा कति पछि थियो। यसका अतिरिक्त नेपालको भौगोलिक अवस्थिति पनि व्यापार, वाणिज्यका लागि अनुकूल रहेन।

काठमाडौं उपत्यका लामो समयसम्म भारत र तिब्बतबीच मध्यस्थ व्यापारको केन्द्रको रूपमा त रह्यो तर खच्चरहरूबाट हुने त्यो व्यापारको मात्रा नगण्य नै थियो। अर्कोतिर, प्राकृतिक सम्पदाले मुलुक भरिपूर्ण भएपनि त्यसको दोहन गरेर तत्काल लाभ लिने प्रकारको प्राकृतिक सम्पदा (जलस्रोत, जंगल, जडीबुटीबाहेक) पनि मुलुकमा थिएन। मुलुकको तुलना विश्वका समृद्ध मुलुकहरूसित गरिरहदा यी तथ्यहरूप्रति पनि आँखा चिम्लिन सकिन्न। तर भूगोल र इतिहासको जस्तोसुकै चुनौती र प्रतिकुलताका बावजुद तीन करोड जनता र मुलुकको राजनीतिक नेतृत्व एकजुट हुने हो भने नेपाल समुन्नत र समृद्ध बन्न सम्भव छ। रातापाटीबाट


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# राजविराज र तिलाठी भन्सारमा मास्क बितरण

**राजविराज**/सप्तरी
सदरमुकाम राजविराज र जिल्लाकै तिलाठी कोइलाडी गाउँपालिकास्थित बेल्हीभन्सार चौकमा बिहिबार मास्क वितरण कार्यक्रमको आयोजना गरिएको छ ।

राजविराजस्थित गजेन्द्र चौकमा निशुल्क मास्क वितरण गरिएको छ । यता गाउँपालिकाको समन्वयमा जिल्ला प्रहरी कार्यालय र सामुदायिक सेवा केन्द्रद्वारा उक्त मास्क बितरण कार्यक्रमको आयोजना गरिएको हो ।

समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत तपाईको मास्क खै ? मास्क वितरण कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय सप्तरीले सर्वसाधारणलाई कोरोना महामारीबाट जोगिन निशुल्क मास्क वितरण गरेको हो ।

गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले कोरोना महामारीबाट जोगाउन गाउँपालिकाबाट सक्दो प्रयास गरिरहेको बताउँदै आगामी तीन दिनभित्र तोपा प्राथमिक




स्वास्थ्य केन्द्रमा अक्सिजनसहितको आइसोलेशन केन्द्र स्थापना गर्न जानकारी समेत दिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले तेस्रो लहरमा एक जनाले पनि ज्यान नगुमाउने गरी तयारी गर्नु आवश्यक रहेको बताए । तेस्रो लहरमा संक्रमित हुने दर अत्यधिक तिव्र गतिमा फैलिरहेको बताउँदै उनले पहिलो र दोस्रो लहरमा गरी सप्तरीले १ सय २१ जनालाई कोरोनाको कारण गुमाएकोमा दुःख प्रकट गरे ।

कोरोना महामारीको सुरुवातदेखि नै तिलाठी कोइलाडी गाउँपालिकाले सिमानाकामा हेल्थ डेस्क स्थापना गरी एन्टीजेन जाँचलाई हालसम्म पनि निरन्तरता दिएकोमा प्रशंसा गर्दै उनले यसलाई निरन्तरता दिनु आवश्यक रहेकोमा जोड दिए ।

कार्यक्रममा बोल्दै जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियालाल यादवले कोरोना महामारीको तेस्रो लहरलाई ध्यानमा राखी गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा अक्सिजन प्लान्ट तथा आईसियु कक्ष सञ्चालनमा ल्याइएको जानकारी दिए ।

तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहको अध्यक्षतामा सञ्चालित कार्यक्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक अविनारायण काफ्ले, सशस्त्र प्रहरी उपरीक्षक राजु श्रेष्ठ, गाउँपालिकाको वडा नं. ३ सकरपुराका वडा अध्यक्ष मनोज चौधरी, नागरिक समाजका अध्यक्ष थानसिंह भन्सालीसहितकाले कोरोना महामारीबाट जोगिन मास्क, स्यानिटाइजरको प्रयोग अनिवार्य रुपमा गरी भौतिक दुरी कायम गर्न सर्वसाधारणलाई सुझाव दिए ।

# जनमतको महार्याली

**राजविराज**/किसानहरुको समस्या सम्बोधन गर्न भन्दै १२ बुँदे मागसहित आन्दोलनरत जनमत पार्टीले शुक्रबार राजविराजमा महार्याली निकालेको छ ।

गाउँ गाउँबाट हलो, कोदालो, मलको खाली बोरा, कृषि सम्बन्धी घरेलु सामाग्रिसहित हजारौंको संख्यामा आएका पार्टीका कार्यकर्ता तथा किसानहरुको सहभागितामा महार्यालीको आयोजना गरिएको हो ।

राजविराजस्थित राजरंगशालामा र्यालीका सहभागिहरुले विभिन्न नारा लगाउँदै नगर परिक्रमा गरेका थिए ।

नगर परिक्रमा पश्चात् गजेन्द्र चौकमा पुगेर आयोजित सभालाई जनमत पार्टीका केन्द्रिय उपमहासचिव इन्द्रजित यादव, कोषाध्यक्ष सुरेन्द्र नारायण यादव, केन्द्रिय सदस्य सुरेन्द्र मधेशी, जिल्ला अध्यक्ष चन्देश्वर मण्डल, सचिव थानेश्वर साह लगायतले सम्बोधन गर्दै किसानहरुको माग पुरा नगरिए अझै सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

उनीहरुले आफ्ना कार्यकर्तालाई झुठा मुद्दा लगाएर कारवाही चलाएको भन्दै त्यस्तो मुद्दा अविलम्ब फिर्ता लिन माग समेत गरेका छन् । किसानलाई परिचयपत्र बनाई पेन्सनको व्यवस्था, कालिनाली विमाको सुनिश्चितता, समयमै मलखाद, विउबिजनको व्यवस्था, किसानको समस्या समाधान गर्न उच्चस्तरिय समितिको गठन, प्रहरीले पक्राउ गरेका आन्दोलनकारीहरुको रिहाई लगायतका माग उनीहरुले अघि सारेका छन् ।

# एमाले सप्तरीको अध्यक्षमा सर्वसम्मतले ताराकान्त चौधरी चयन

**राजविराज**/नेकपा (एमाले) सप्तरीको अध्यक्षमा सर्वसम्मतले ताराकान्त चौधरी चयन भएका छन् ।

शनिबार सम्पन्न जिल्ला अधिवेशनको बन्द सत्रबाट चौधरीको अध्यक्षतामा १ सय ३१ सदस्यीय जिल्ला कमिटी गठन गरिएको हो ।

नवगठित कमिटीका उपाध्यक्षमा अब्दुल मजिद साकिर, सचिवमा देवनाथ यादव, उपसचिवमा अखिलेश झा र कुसुम आचार्य चयन भएका छन् ।

यसैगरी सदस्यहरुमा बृजनारायण साह, युक्ति मरिक, बिन्दी मोची, वीरबहादुर मर्साङ्दी मगर, देवनारायण श्रेष्ठ, बद्रीनारायण चौधरी, चन्द्रमान विक, चौठीलाल खंग, लक्ष्मी मण्डल, शोभानन्द राय, डम्बरप्रसाद महतो, सलिम राइन, महेन्द्रनारायण पासवान, दुर्गानन्द ठाकुर, विल्टु दास, अयुव राइन, प्रदीप मण्डल, उत्तम आचार्य, शिवनारायण साह, रामलगन सरदार, महेन्द्र विराजी, बिन्दु सदा, देवनारायण मरिक, पञ्चदेव खंग, इनरवती यादव, हरिशङ्कर इशर, डम्बर राई, राजेन्द्र सेन्चुरी, सन्तमान तामाङ, समु खातुन, ललितनारायण रजकलगायत छन् ।

यसैगरी २३ सदस्यीय सल्लाहकार कमिटिमा शङ्कर देव, मन्जु साह, भोला राउत, कुन्जीलाल चौधरी, मो युनिस, चित्रकला मगर, रामवृक्ष महतो, भुवन केसी, शत्रुघनप्रसाद यादव, मागैन मण्डललगायत चयन भएका छन् ।

# कोरोना संक्रमणको जोखिम न्युनिकरण गर्ने कार्यमा सबैसँग अनुरोध

**राजविराज**/जिल्ला प्रशासन कार्यालय सप्तरीले एक सूचना जारि गर्दै कोरोनाको जोखिम बढ्दै गएको भन्दै स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउन आग्रह गरेको छ ।

शुक्रबार एक विज्ञप्ति प्रकाशन गर्दै कोरोना संक्रमणको जोखिम न्युनिकरण गर्ने कार्यमा सबैसँग अनुरोध समेत गरेको छ ।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमद्वारा हस्ताक्षरित सूचनामा पछिल्लो समय सप्तरीमा संक्रमण दर बढेको देखिएको हुँदा जिल्लावासी तथा राजनीतिक दल, जनप्रतिनिधि एवं सम्बद्ध सबैलाई सार्वजनिक स्थलमा भिडभाड नगर्न, २५ जना भन्दा बढीको जुलुस, सभा, र्याली, मेला, बैठक नगर्न नगराउन, अनिवार्य रुपमा मास्क प्रयोग गर्न, भौतिक दुरी कायम गर्न र स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउन आग्रह गरिएको छ ।

पटक पटक अनुरोधलाई वेवास्ता गरिएमा कानुन बमोजिम कारवाही गर्न प्रशासन कार्यालय बाध्य हुने व्यहोरा समेत सूचनामा उल्लेख छ ।

# इटा उद्योगको पर्खाल भत्किदा महिला कामदारको मृत्यु, दुई घाइते

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिकास्थित इटा उद्योगको पर्खाल भत्किदा एक महिला कामदारको मृत्यु भएको छ भने दुई जना कमदार घाइते भएका छन् ।

सो गाउँपालिका वडा नं. ६ तेरहौतास्थित बिशाल इटा उद्योगमा इटाको चाङ्ग लगाउने क्रममा छेउमै रहेको पर्खाल भत्किदा सोही वडा निवासी ५० वर्षिया जतरीदेवी सरदारको मृत्यु भएको हो ।

गम्भिर अवस्थामा उनलाई उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पतालमा पुर्याइएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

उक्त घटनामा सोही इटा उद्योगमा कामदार रहेका सप्तरीको अग्निसाईर कृष्णासवरण गाउँपालिका ४ का ५० वर्षिय मंगल सदा र भारत उत्तरप्रदेश रायबरेलीका ४० वर्षिय रमेश कुमार लाउदी गम्भिर घाइते भएका छन् ।

दुबै जनाको छिन्नमस्ता अस्पतालमै उपचार भइरहेको तथा घटना बारे आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## अन्तर्राष्ट्रिय समाचार

### ब्राजिलमा ५-११ वर्षका बालबालिकालाई खोप लगाउन सुरू

**ब्राजिल**/ब्राजिलले पाँचदेखि ११ वर्षका बालबालिकाका लागि खोप अभियान सुरु गरेको अधिकारीलाई उद्धृत गरी ब्राजिलियाली सञ्चारमाध्यम सिएनएन ब्रासिलले जनाएको छ ।

ब्रासिलका अनुसार यो उमेर समूहमा खोप लगाउने पहिलो बच्चा आठ वर्षीय आदिवासी बालक रहेका छन् । उनलाई साओ पाउलो अस्पतालमा खोप लगाइएको हो । डिसेम्बर १६ मा, ब्राजिलको स्वास्थ्य नियामक एन्भिसाले पाँच देखि ११ वर्षका बालबालिकाहरूमा प्रयोग गर्नका लागि फाइजर-बायोएनटेकको कोभिड-१९ विरूद्धको खोपलाई अनुमोदन गरेको थियो ।

यो खोप बालबालिकाको लागि खोप लगाउन सुरक्षित रहेको बताइएपछि विभिन्न देशहरूमा उक्त उमेर समूहका बालबालिकालाई पनि खोप दिन थालिएको छ । नर्वेलगायतका कतिपय युरोपेली मुलुकले पनि बालबालिकाका लागि यसको प्रयोग गर्न अनुमति दिइसकेका छन् । यद्यपि, बालबालिकालाई खोप लगाउनु आवश्यक नभएको भन्दै ब्राजिलका राष्ट्रपति जाइर बोल्सोनारोले आफ्नो ११ वर्षीया छोरीले बालबालिकाको लागि लगाइने भनिएको खोप नलगाउने बताउनुभएको छ ।

ब्राजिलले सन् २०२१ को जनवरीमा खोप अभियान सुरु भएदेखि अहिलेसम्म ३२ करोड मात्रा खोपको व्यवस्था गरेको छ । यहाँ हाल लगभग १४करोड ३० लाख मानिसहरू अर्थात् ६८ प्रतिशत जनसंख्याले पूर्ण खोप लगाएका छन् । एजेन्सी

### भारतमा एक दिनमा दुई लाख ६८ हजार नयाँ सङ्क्रमित, थप ४०२ को मृत्यु

**नयाँदिल्ली**/भारतमा कोरोनाभाइरसबाट थप दुई लाख ६८ हजारभन्दा बढी सङ्क्रमित भएका छन् ।

सरकारी अधिकारीले शनिबार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा दुई लाख ६८ हजार ८३३ जना नयाँ सङ्क्रमित थपिएका हुन् ।

यो सङ्ख्या अघिल्लो दिनकोभन्दा चार हजार ६३१ बढ भएको पनि अधिकारीले जानकारी दिएका छन् ।

शुक्रबार सार्वजनिक गरिएको विवरणअनुसार भारतमा पछिल्लो २४ घण्टामा दुई लाख ६४ हजार २०२ जना नयाँ सङ्क्रमित भएका थिए ।

भारतमा अहिलेसम्म कुल तीन करोड ६८ लाख ५० हजार ९६२ कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् । तीमध्ये १४ लाख १७ हजार ८२० जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् ।

त्यसैगरी कुल सङ्क्रमितमध्ये छ हजार ४१ जना कोरोनाभाइरसबाट सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार भारतमा कोरोनाभाइरसका कारण अहिलेसम्म चार लाख ८५ हजार ७५२ जनाको मृत्यु भएको छ । तीमध्ये ४०२ जनाको पछिल्लो एक दिनमा मृत्यु भएको पनि केन्द्रीय स्वास्थ्य मन्त्रालयका अधिकारीहरुको भनाइ छ । एजेन्सी

### इन्डोनेसियामा शक्तिशाली भूकम्प, भौतिक संरचनामा ठूलो क्षति

**जाकार्ता**/इन्डोनेसियामा शुक्रबार आएको शक्तिशाली भूकम्पका कारण भौतिक संरचनामा ठूलो क्षति भएको छ ।

सरकारी अधिकारीले शनिबार दिएको जानकारीअनुसार भूकम्पका कारण झण्डै ९०० घर क्षतिग्रस्त भएका छन् ।

भूकम्पले मानवीय क्षती भएको विवरण भने अहिलेसम्म प्राप्त नभएको सरकारी अधिकारीको भनाइ छ । उनीहरुले अहिलेसम्म दुई जना घाइते भएको विवरण मात्रै प्राप्त भएको जनाएका छन् ।

इन्डोनेसियाको राजधानी जाकार्ता र त्यस वरपरलाई केन्द्रमा राखेर ६.६ म्याग्नीच्युडको भूकम्प आएको अधिकारीले जनाएका छन् ।

स्थानीय समयअनुसार शुक्रबार बेलुका ४.०५ मिनेट भूकम्प आएको हो । इन्डोनेसियामा बेला बेलामा भूकम्प आइरहने गरेको छ । एजेन्सी

### अमेरिकाको रासायनिक कारखानामा आगलागी

**अमेरिका**/संयुक्त राज्य अमेरिकाको न्यु जर्सी राज्यको पासाकमा रहेको एक रासायनिक कारखानामा शुक्रबार भीषण आगलागी भएको छ ।

फक्स न्युजले जनाएअनुसार शुक्रबार राति पासाइकको एक रासायनिक प्लान्टमा आगो लागेको थियो। पासाइक मेयर, हेक्टर लोराले सबै नजिकका बासिन्दालाई उनीहरूको झ्यालहरू बन्द गर्न आग्रह गरेका छन् ।

"हामी सबै बासिन्दाले झ्याल बन्द गर्न रनजिकको क्षेत्रबाट टाढा रहन आवश्यक छ," लोराले भने । लोराका अनुसार प्लान्टभित्रको रसायनमा आगो नपुगेको तर नजिकैबाट फैलिएको फक्स न्युजले बताएको छ । एजेन्सी

# थप ४ हजार ६ सय ३६ संक्रमित थपिए

**काठमाडौं**/स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शनिबार सार्वजनिक गरेको बुलेटिनमा पछिल्लो २४ घण्टामा चार हजार ६३६ जनामा कोरोना भाइरस सङ्क्रमित थपिएको जनाएको छ ।

१४ हजार ५५६ परीक्षण गर्दा सो संख्यामा सङ्क्रमण पुष्टि भएको जनाउँदै योसँगै सक्रिय सङ्क्रमितको सङ्ख्या २१ हजार ५८४ पुगेको छ ।

पछिल्लो समय थप ३५० जना सङ्क्रमणमुक्त भएका छन् । योसँगै सङ्क्रमणमुक्त हुनेको संख्या आठ लाख १६ हजार तीन पुगेको छ । संक्रमणमुक्त हुनेदर ९६.१ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । विगत २४ घण्टामा चार जनाको संक्रमणका कारण मृत्यु भएको छ । हालसम्म ११ हजार ६१७ जनाको संक्रमणका कारण मृत्यु भइसकेको छ ।

मन्त्रालयका अनुसार ५०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला मोरङ, सुनसरी, काठमाडौं, ललितपुर, चितवन, भक्तपुर, कास्की र कैलाली रहेका छन् । यस्तै २०० भन्दा बढी संक्रमित भएका जिल्लामा झापा, धनुषा, मकवानपुर, काभ्रे, नवलपरासीपूर्व, बाँके र रुपन्देही रहेका छन् । नेपालमा संक्रमणदर १७ प्रतिशत रहेको छ ।

हाल होमआइसोलेशनमा २० हजार ५३६, संस्थागत आइसोलेशनमा एक हजार ४८, आइसीयूमा ११९ र भेन्टिलेटरमा २६ जनाको उपचार भइरहेको छ ।

# कोरोनाविरुद्ध बुस्टर मात्राको खोप दिइने

**काठमाडौं**/सरकारले आजदेखि कोरोना भाइरसविरुद्धको 'बुस्टर' मात्रा खोप दिने भएको छ । कोरोना भाइरस सङ्क्रमण बढेसँगै सरकारले 'बुस्टर' डोज दिन थालेको हो ।

अग्रपङ्क्तिमा काम गर्ने व्यक्तिलाई माघ २ गतेदेखि र ६० वर्षभन्दा माथिका सबै ज्येष्ठ नागरिक र खोपको पूर्ण मात्रा लगाएको ६ महिना पूरा भएका व्यक्तिलाई माघ १४ गतेदेखि 'बुस्टर' मात्राको खोप दिइने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

'बुस्टर' डोजका लागि मन्त्रालयले प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र र ७७ वटै स्वास्थ्य कार्यालयलाई निर्देशन दिइसकेको छ ।

'बुस्टर' डोज कोरोना भाइरसविरुद्धको पूर्ण मात्रा खोप लगाएका छ महिना पूरा भएका व्यक्ति, अग्रपङ्क्ति र ६० वर्षभन्दा माथिका तथा रोग प्रतिरोधात्मक क्षमता कम भएका सबैलाई दिइने मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले जानकारी दिए ।

रोग प्रतिरोधात्मक क्षमता कम भएका बिरामीमा सक्रिय क्यान्सर रोगी, अङ्ग प्रत्यारोपण गरेका बिरामी, एचआइभी भएका बिरामी, उपचारका क्रममा रोग प्रतिरोधात्मक क्षमता कम गराउने औषधि सेवन गरेका बिरामी पर्दछन् ।

# जिल्लामा कर्मचारी अभाव

**राजविराज**/सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जिल्लाका सरकारी कार्यालयहरुमा कर्मचारीको अभाव भएको बताएका छन् ।

२८ औं लोकेन्द्र स्मृती दिवसको अवसरमा सोमबार नेपाल पत्रकार महासंघ सप्तरीद्वारा आयोजना गरिएको कार्यक्रममा उनले सरकारी कार्यालयहरुमा दरबन्दी अनुसार पदपूर्ती नहुँदा काम गर्न समस्या भइरहेको बताउँदै संचारकर्मीहरुले यो समस्यालाई समाचारका रुपमा प्रमुखताका साथ उठाइदिन अनुरोध पनि गरे ।


उनले कार्यक्रममै सहभागि रहेका प्रदेश २ का अर्थमन्त्री शैलेन्द्र प्रसाद साहलाई आफूहरुको समस्याप्रति पहल गरिदिन आग्रह समेत गरे । उनले सरकारी कार्यालयमा काम नभएको भनी गुनासो आउने गरेको तर कर्मचारी नै नभएपछि सेवाग्राहीको काम समयमै कसरी सम्भव होला भन्ने मन्त्रीतिर इंगित गरे ।

# मुस्लिम संघद्वारा प्रस्तावित निर्वाचन मितिबारे पुनर्विचार गर्न आग्रह

**काठमाडौं**/नेपाल मुस्लिल संघले निर्वाचन आयोगले आगामी वैशाखमा प्रस्ताव गरेको स्थानीय तहको निर्वाचनको मितिमा पुनर्विचार गर्न आग्रह गरेको छ ।

मुश्लिम संघका उपसभापति अताबुल मन्सुरीले विज्ञप्ति जारि गर्दै आगामी चैतको १९ गतेदेखि वैशाखको २० गतेसम्म एक महिनासम्म मुस्लिम समुदायको रोजा उपासना र इद पर्व परेकाले प्रस्तावित निर्वाचनमा उम्मेदवार बन्न तथा मतदानकै लागि पनि मुस्लिम समुदायलाई गाह्रो पर्ने बताएका छन् ।

निर्वाचन आयोगले स्थानीय तहको निर्वाचन आगामी विसं २०७९ वैशाख १४ र २० गते प्रस्ताव गरेकामा त्यस समयमा मुस्लिम समुदायको रमजान ब्रत तथा इद पर्वपर्ने भन्दै सो मितिमा पुनर्विचार गर्न नेपाल मुस्लिम संघले आग्रह गरेको हो ।




अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →




**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*